# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१ ] काठमाडौं, भाद्र ७ गते २०२८ साल [ संख्या १९

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड १९ मिति ०२६।३।१० अतिरिक्ताङ्क १० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाबमोजिम रूपन्देही र कपिलवस्तु जिल्लामा गठन भएको विशेष अदालतको सम्बन्धमा देहायबमोजिम हेरफेर गरी तोकिएको छ ।

१. सूचनाको दफा १ (क) को उपदफा (२) मा उल्लेख भएको लुम्बिनी अञ्चलाधीश कार्यालयका शाखा अधिकृत श्री चक्रबन्धु शर्मा अर्यालको सट्टा लुम्बिनी अञ्चलाधीश कार्यालयका ए।७ जना शाखा अधिकृत ।

२. सूचनाको दफा १ (ख) को उपदफा (१) मा उल्लेख भएको कपिलवस्तु जिल्ला अदालतको जिल्ला न्यायाधीश श्री डिल्लिबहादुर कार्कीको सट्टा कपिलवस्तु जिल्ला अदालतको जिल्ला न्यायाधीश ।

३. उपदफा ३ पछि रहेको यस विशेष अदालतको अध्यक्षमा जिल्ला न्यायाधीश श्री डिल्लिबहादुर कार्कीलाई तोकिएको छ भन्ने प्रकरणको सट्टा यस विशेष अदालतको अध्यक्षमा कपिलवस्तु जिल्ला अदालतका जिल्ला न्यायाधीशलाई तोकिएको छ भन्ने प्रकरण राखिएको छ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६